नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संगठन विकास शाखा

पत्र संख्या : ०७७/०७८

चलानी नं. ४५८

मिति: २०७७/१०/०९

दर्ता नं. ८८४३ मिति २०७७/१०/१३

विषय: कर्मचारी समायोजन/मिलान मापदण्ड सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश)

श्री स्थानीय तह (सबै)

सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको गुनासो सम्वोधन गर्ने सन्दर्भमा मिति २०७७।०५।०१ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयनलाई थप व्यवस्थित, सहज, सरल र प्रभावकारी वनाउन यस मन्त्रालयबाट तयार भई माननीय मन्त्रीस्तरको मिति २०७७/१०/०७ को निर्णयानुसार स्वीकृत भएको "**कर्मचारी समायोजन/मिलान मापदण्ड, २०७७**" यसै साथ संलग्न छ। संघ, प्रदेश र स्थनीय तहमा समायोजन भएका कर्मचारीहरुको गुनासा सम्वोधनका लागि गरिने समायोजन/मिलान सम्वन्धी कार्य यसै मापदण्ड बमोजिम हुने व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा, - (Website मा Upload गरि दिनुहुन।)
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार।

श्री प्रशासन
website मा राख्ने र
सबै कर्मचारीहरु (वडा कार्यालय र) लाई
स्वास्थ्य संस्थाका कर्मचारीहरु समायोजन
समेत जानकारी दिई
मिलानको जानकारी गराउने।
२०७७/१०/१३

(रविन्द्रजंग थापा)
उपसचिव

# कर्मचारी समायोजन/मिलानसम्बन्धी मापदण्ड, २०७७

स्वीकृत मिति : २०७७।१०।०७

नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

## सिंहदरबार, काठमाडौं

# कर्मचारी समायोजन/मिलान सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावना**: सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको गुनासो सम्बोधन गर्ने सन्दर्भमा मिति २०७७।०५।०१ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयनलाई थप व्यवस्थित, सहज, सरल र प्रभावकारी बनाउन मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस मापदण्डको नाम "कर्मचारी समायोजन/मिलान सम्बन्धी मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्दछ,

(ख) "समायोजन/मिलान" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको दोहोरो सहमतिका आधारमा देहाय बमोजिम गरिने समायोजन/मिलान सम्बन्धी कार्यलाई सम्झनु पर्दछ ।

(१) संघबाट प्रदेश वा स्थानीय तहमा,

(२) एक प्रदेशबाट अर्को प्रदेशमा,

(३) प्रदेशबाट स्थानीय तहमा,

(४) एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ।

(ग) "समिति" भन्नाले दफा ७ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(घ) "सरुवा बोर्ड" भन्नाले मन्त्रालयमा रहेको सरुवा बोर्डलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## समायोजन/मिलानका आधार, अवस्था र प्रकृया

३. समायोजन/मिलानका आधार : समोजयन/मिलानको आधार देहाय बमोजिम हुने छ ।

(क) एक प्रदेशबाट अर्को प्रदेश, प्रदेशबाट स्थानीय तह र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा समायोजन/मिलान गर्न सम्बन्धित प्रदेश र स्थानीय तहको सहमति प्राप्त गरेको हुनु पर्नेछ ।

(ख) संघबाट प्रदेश वा स्थानीय तहमा समायोजन/मिलान गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय मिति २०७७/०५/०१ सम्म न्यूनतम् सेवा अवधि तीन वर्ष बाँकी भएको हुनुपर्नेछ ।

(ग) सम्बन्धित प्रदेश वा स्थानीय तहको स्वीकृत संगठन संरचना र दरबन्दी तेरिजमा उल्लेखित स्थायी पदहरुमा मात्र समायोजन/मिलान हुनेछ ।

(घ) समायोजन/मिलान हुँदा प्रदेश वा स्थानीय तहको सेवा प्रवाहमा असर नपर्ने सुनिश्चितता सहितको सहमति पत्र आवश्यक हुने र यस्तो पत्रमा प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका आधिकारिक पदाधिकारी तथा स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखत भएको हुनु पर्नेछ ।

(ङ) संघबाट प्रदेश वा स्थानीय तहमा समायोजन/मिलान भई जाँदा संघमा रिक्त हुने पदमा सम्बन्धित सेवा समूह संचालन गर्ने संघीय मन्त्रालय/निकायले पदपूर्ति गर्नुपूर्व मन्त्रालयको अनिवार्य रुपमा सहमति लिनु पर्नेछ ।

४. <u>समायोजन/मिलान हुन सक्ने अवस्था</u> : (१) देहायको अवस्थाका कर्मचारीको समायोजन/मिलान स्थानीय तहमा हुनेछ ।

(क) साविक घरेलु तथा साना उद्योग विकास समिति र दुर्गम क्षेत्र विकास समितिका कर्मचारीको सबै जिल्लाका पद मिल्दो स्थानीय तहमा,

(ख) साविक जिल्ला विकास समिति, गाउँ विकास समिति र नगपालिकाका कर्मचारीको एकै जिल्लाका स्थानीय तहमा ।

(२) अदालतमा मुद्दा परी मन्त्रालयबाट समायोजनका विषयमा भएको निर्णय कार्यान्वयन नगर्न/नगराउन आदेश भएका कर्मचारीहरुको हकमा अदालतबाट अन्तिम फैसला हुँदा ठहरे बमोजिम हुने गरी हाललाई सेवा समूह सञ्चालन गर्ने मन्त्रालय/निकायबाट उपयुक्त जिम्मेवारीमा कामकाजमा खटाउन मन्त्रालयले सम्बन्धित मन्त्रालयमा लेखि पठाउनेछ ।

५. <u>समायोजन/मिलान हुन नसक्ने अवस्था</u>: देहायको अवस्थाका कर्मचारीको समायोजन/मिलान हुन सक्ने छैन ।

(क) स्थानीय तहबाट प्रदेश वा सङ्घमा,

(ख) प्रदेशबाट संघमा,

(ग) समायोजनपछि बढुवा भएका,

(घ) समायोजनपछिका नयाँ विज्ञापनमा सिफारिस भई प्रदेश तथा स्थानीय तहमा नियुक्ति पाएका,

(ङ) मूल समायोजन पछि दुईपटक समायोजन संशोधन भईसकेका ।

६. <u>समायोजन/मिलानको प्रकृया</u> : कर्मचारीको समायोजन/मिलान सम्बन्धी प्रकृया देहाय बमोजिम हुनेछ ।

(क) <u>समायोजन/मिलान अनलाईन प्रणाली मार्फत गर्ने</u> : समायोजन/मिलान गर्न इच्छुक कर्मचारीले सहमति पत्र सहित अनलाईन प्रणालीद्वारा यस मन्त्रालयको इमेल ठेगाना <u>adjustment.mofaga@gmail.com</u> मार्फत निवेदन दिनुपर्ने छ । साथै अन्य सेवाका कर्मचारीले निवेदनसाथ समायोजन पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छ ।

(ख) <u>समायोजन/मिलान सम्बन्धी निवेदन यकिन गर्ने</u> : संघबाट प्रदेश र स्थानीय तह, प्रदेशबाट प्रदेश, प्रदेशबाट स्थानीय तह तथा स्थानीय तहबाट स्थानीय तहमा समायोजन/मिलानका लागि यो मापदण्ड स्वीकृत भएै पश्चात अनलाईन प्रणाली मार्फत प्राप्त हुने निवेदनका सम्बन्धमा यस मापदण्डमा उल्लिखित आधार पुरा भए नभएको यकिन समितिले गर्नु पर्नेछ ।

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(ग) <u>शैक्षिक योग्यता र अवधि यकिन गर्ने</u> : संघबाट प्रदेश वा स्थानीय तहमा समायोजन/मिलानका क्रममा तह वृद्धि दिनु पर्ने भएमा शैक्षिक योग्यता र अवधि यकिन गर्दा कर्मचारी समायोजन ऐन, २०७५ जारी मिति २०७५/०८/२३ लाई आधार लिनु पर्नेछ ।

(घ) <u>समकक्षता निर्धारण गर्ने</u> : खण्ड (ख) बमोजिम पेश हुन आएका शैक्षिक योग्यतामा वैदेशिक शैक्षिक संस्थाको शैक्षिक योग्यता भएमा समकक्ष निर्धारणको प्रमाण पत्र र अध्ययन अवधिको बिदा स्वीकृत गराएको पत्र समावेश हुनु पर्नेछ ।

(ङ) <u>वैयक्तिक विवरण प्रणाली अद्यावधिक हुनुपर्ने</u> : खण्ड (ग) बमोजिमको शैक्षिक योग्यताको अभिलेख वैयक्तिक विवरण प्रणालीमा अद्यावधिक भएको हुनु पर्नेछ ।

(च) <u>विवरण संलग्न हुनुपर्ने</u> : समायोजन/मिलानको प्रकृया रुजु गर्दा कर्मचारी व्यवस्थापन प्रणाली, समायोजन प्रणाली तथा वैयक्तिक विवरण प्रणालीलाई आधार मान्नु पर्ने र दुवै प्रणालीको विवरण संलग्न हुनु पर्नेछ ।

(छ) <u>कामकाजमा खटाइएका कर्मचारीको समायोजन/मिलान</u> : समायोजन/मिलान गर्दा यसअघि नै कामकाजमा खटाईएका कर्मचारीलाई मन्त्रालयले सोही प्रदेश वा स्थानीय तहमा समायोजन/मिलान गर्न सक्नेछ ।

## परिच्छेद-३
## <u>समिति सम्बन्धी व्यवस्था</u>

७. <u>समायोजन/मिलान सहजीकरण समिति</u> : (१) प्रदेश तथा स्थानीय तहमा मौजुदा जनशक्तिको व्यवस्थापनलाई विश्लेषण गर्दै प्राप्त निवेदन र संलग्न कागजातहरु रुजू गरी निवेदक कर्मचारीहरुको सूची तयार गर्ने, प्राप्त समायोजन/मिलान सम्बन्धी निवेदनहरु छानविन गरी सरुवा वोर्डमा पेस गर्ने तथा उक्त वोर्डमा छलफल भई सिफारिस गरिएका कर्मचारीहरुको समायोजन/मिलानको निर्णयका लागि प्रस्ताव गर्ने, पत्र जारी गर्ने र समायोजन सफ्टवेयरमा विवरण अद्यावधिक गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (क) संगठन विकास शाखा प्रमुख | संयोजक |
| (ख) राष्ट्रिय किताबखानाको अधिकृत प्रतिनिधि | सदस्य |
| (ग) समायोजन हेर्ने शाखा अधिकृत | सदस्य |
| (घ) संगठन विकास हेर्ने शाखा अधिकृत | सदस्य सचिव |

(२) समितिको बैठकमा अन्य महाशाखा प्रमुख, शाखा- प्रमुख र सम्बन्धित सेवा/समूह संचालन गर्ने मन्त्रालय/निकायको प्रतिनिधिलाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद-४
## <u>विविध</u>

८. <u>स्वास्थ्य सेवाका कर्मचारीको समायोजन/मिलान</u> : स्वास्थ्य सेवा तर्फको समायोजन/मिलान सम्बन्धी कार्य यसै मापदण्डको आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्न सक्नेछ ।

९. पूर्व सहमति लिनुपर्ने : सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले यसै मापदण्ड बमोजिम समायोजन/मिलान सम्बन्धी कार्य मन्त्रालयको पूर्व सहमति लिई गर्न सक्नेछ ।

१०. सरुवा बोर्डको सिफारिस सम्बन्धी व्यवस्था : समितिले समायोजन/मिलानको लागि सरुवा बोर्डमा पेस गरेका निवेदनहरुका सम्बन्धमा सरुवा बोर्डले गरेको सिफारिस बमोजिम मन्त्रालयले निर्णय गर्नेछ ।

११. अनुदान कटौती सम्बन्धी व्यवस्था : दोहोरो सहमतिका आधारमा स्थानीय तहमा समायोजन/मिलान भएका कर्मचारीहरुलाई हाजिर नगराउनेको हकमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०८/१० को अनुदान कटौती सम्बन्धी निर्णय बमोजिम हुनेछ ।

१२. प्रचलित कानून बमोजिम हुने : यस मापदण्डमा उल्लेख भएका विषयको हकमा यसै मापदण्ड बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं